

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २१३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं १ गते बुधबार ❑ 17 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सांस्कृतिक पर्वहरुको संरक्षण सबैको दायित्व : राष्ट्रपति भण्डारी

**पोखरापत्र संवाददाता**

**पोखरा, ३१ साउन**

राष्ट्रपति विद्यादेवी भण्डारीले सांस्कृतिक पर्वहरुको संरक्षण सबैको साझा दायित्व रहेको बताउनुभएको छ।

गुरुङ समुदायको ऐतिहासिक एवं परम्परागत सांस्कृतिक पर्व ट्होटेंका अवसरमा तमुधिँ नेपालले मंगलबार पोखरामा आयोजना गरेको विशेष कार्यक्रममा उहाँले नेपाली संस्कृतिको संरक्षण र सम्वर्द्धनमा विभिन्न जातजाति तथा भाषा समुदायको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्नुभयो।




राष्ट्रपति भण्डारीले नेपाली संस्कृतिको संरक्षण र सम्वर्द्धनमा गुरुङ समुदायको योगदान उल्लेखनीय रहेको चर्चा गर्नुभयो। उहाँले भन्नुभयो, "नेपाल राष्ट्रको एकीकरण प्रक्रियामा समेत गुरुङ जातिको विशेष योगदान रहेको छ । विभिन्न जाति तथा समुदायको भाषा, चाडपर्व, वेषभूषा, गीत नाच, रीतिरिवाजबाटनै नेपाली राष्ट्रिय संस्कृतिलाई सबल र समृद्ध बनाउन ठूलो योगदान पुगेको छ भन्ने मलाई लागेको छ ।" तमुहरुको चाडपर्वमध्ये ट्होटें पनि एक मौलिक ऋतु पर्व रहेकाले यस पर्वले सबैमा सकारात्मक ऊर्जा दिने काम गर्दछ भन्ने जनविश्वास रहेको राष्ट्रपतिले बताउनुभयो । उहाँले समाजमा विद्यमान कुप्रथा, अन्धविश्वास र पछौटेपन हटाउन ट्होटेंले ऊर्जा थप्ने विश्वास व्यक्त गर्नुभयो। गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले नेपाल विविध संस्कृतिले सम्पन्न मुलुक भएको बताउँदै यी संस्कृतिको संरक्षण गर्दै भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो । विविधतामा एकता हाम्रो मौलिकता भएको उल्लेख गर्दै उहाँले राष्ट्रिय एकता, सद्भाव कायम गर्दै राष्ट्र निर्माणमा जुट्नुपर्ने आवश्यकता औंल्याउनुभयो । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले तमु जातिको उद्गमस्थल क्होलासोथरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि प्रदेश सरकारले काम अघि बढाएको बताउनुभयो। उहाँले चालु वर्षको सरकारको नीति कार्यक्रममा समेत यस विषय समेटिएको उल्लेख गर्नुभयो । हिमालदेखि तराईका फाँटसम्म फैलिएको गण्डकी प्रदेश विभिन्न जातिका कला, संस्कृति र विभिन्न सांस्कृतिक पर्व तथा जात्राहरुमा सम्पन्न रहेको मुख्यमन्त्रीले बताउनुभयो। ट्होटेंका अवसरमा पोखराकोमानवअधिकारचोकदेखि नयाँबजारसम्म विभिन्न मौलिक वेषभूषा, बाजागाजा, झाँकी, सांस्कृतिक प्रस्तुतिसहित ट्होटें ऱ्यालीको आयोजना गरिएको थियो । गुरुङ समुदायले साउन महिनाको अन्तिम मङ्गलबार र चैत महिनाको अन्तिम मङ्गलबार गरी वर्षमा दुई पटक आफ्नो मौलिक पर्वका रूपमा ट्होटें पर्व मनाउने गरेको तमुधिँका अध्यक्ष हुमबहादुर गुरुङले बताउनुभयो।

## राष्ट्रपतिद्वारा गुणस्तरीय शिक्षामा जोड

**पोखरापत्र संवाददाता**

**पोखरा, ३१ साउन**

राष्ट्रपति विद्यादेवी भण्डारीले गुणस्तरीय शिक्षामा जोड दिनुभएको छ । पोखरा महानगरपालिका-१६ बाटुलेचौर स्थित विन्ध्यवासिनी माध्यमिक विद्यालयको हीरकजयन्ती समापन समारोहलाई मंगलबार यहाँ सम्बोधन गर्दै उहाँले २१औं शताब्दीको आवश्यकता अनुरुप विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्ने जनशक्ति तयार गर्नुपर्ने बताउनुभयो।



राष्ट्रपति भण्डारीले भन्नुभयो, "सीपमूलक, वैज्ञानिक, व्यवहारिक शिक्षा समृद्ध नेपालको आधार शिला हो । मुलुकको सर्वाङ्गीण विकासको आधार शिक्षा भएकोले गुणस्तरीय शिक्षामा नगारिकको समतामूलक एवं न्यायोचित पहुँच स्थापना गर्नुपर्दछ ।" राष्ट्रको समृद्धि र विकासका लागि आवश्यक स्रोत साधनको परिचालन गर्ने, तिनको व्यवस्थापकीय क्षमताको विकास गर्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो । गण्डकी प्रदेश अनुपम प्राकृतिक सुन्दरता, जैविक विविधता एवम् उन्नत सांस्कृतिक सम्पदाले भरिपूर्ण रहेको बताउँदै राष्ट्रपति भण्डारीले यस क्षेत्रको प्राकृतिक स्रोत तथा सम्पदामा आधारित उद्यमशीलता प्रवर्द्धनका लागि आवश्यक पर्ने जनशक्ति विकास गर्नेतर्फ हाम्रा शैक्षिक गतिविधि उन्मुख हुनुपर्नेमा जोड दिनुभयो । सामुदायिक शिक्षाका क्षेत्रमा राज्यले गरिरहेको लगानी अनुसार प्रतिफल प्राप्त गर्न नसकेका अवस्थामा विन्ध्यवासिनी माध्यमिक विद्यालयले आफूलाई मुलुकभरकै उत्कृष्ट पाँच विद्यालयमा स्थापित गर्न सकेको भन्दै उहाँले खुसी व्यक्त गर्नुभयो। विद्यालयले प्राविधिक शिक्षाको थालनी गरेकोमा पनि उहाँले खुसी व्यक्त गर्नुभयो । पूर्खाको त्याग र बलिदानबाट राष्ट्रिय एकता, सार्वभौमसत्ता र राष्ट्रियताको जगेर्ना हुँदै आएको उल्लेख गर्दै राष्ट्रपति भण्डारीले हामीले आफ्नो गौरवपूर्ण इतिहासबाट शिक्षा लिँदै मुलुकको विकास र प्रगतिको यात्रालाई बढाउनुपर्ने बताउनुभयो। विद्यालयले प्रदान गर्ने शिक्षाबाट समाज, राष्ट्र र राष्ट्रियताप्रतिको दायित्व बोध हुने उहाँले अपेक्षा व्यक्त गर्नुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नवीनतम प्रविधिको उपयोग गर्दै सक्षम जनशक्ति तयारीमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । मुलुकमा महत्वपूर्ण राजनीतिक परिवर्तन भई तीन तहको सरकार क्रियाशील भइरहेको वर्तमान अवस्थामा शिक्षा क्षेत्रमा पनि समयसापेक्ष परिवर्तन गर्नु जरुरी रहेको उहाँले बताउनुभयो।शिक्षालाईसमयसापेक्ष बनाउन नसक्दासम्म हामीले आफ्ना सपना पूरा गर्न नसकिने उहाँको भनाइ छ । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले लामो इतिहास बोकेको विद्यालयले आफूलाई उत्कृष्ट विद्यालयका रूपमा स्थापित गर्न सकेको भन्दै प्रशंसा व्यक्त गर्नुभयो । शिक्षाको विकासका लागि महानगरले मर्यादित शिक्षक र अनुशासित विद्यार्थी कार्यक्रम अघि सारेको बताउँदै उहाँले सामुदायिक विद्यालयको गुणस्तरीयता अभिवृद्धि आफूहरूको प्राथमिकतामा रहेको बताउनुभयो । राष्ट्रपति भण्डारीले प्रविधिको प्रयोगमार्फत हीरक स्तम्भको अनावरण एवं भवनको उद्घाटन गर्नुभयो । कार्यक्रममा विभिन्न योगदान गर्ने व्यक्तिलाई सम्मान गरिएको थियो। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्य, केन्द्रीय आयोजना कार्यान्वयन इकाई( शिक्षा) का निर्देशक रामशरण सापकोटा, अतिथि सत्कार समितिका संयोजक दानबहादुर बाँनिया लगायतले विद्यालयका विविध अवस्था सम्बन्धमा बोल्नुभएको थियो । कार्यक्रममा विद्यार्थीका तर्फबाट विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो।

## तनहुँको भानु नगरपालिकामा खादा प्रयोगमा पूर्ण निषेध

**पोखरापत्र संवाददाता**

**तनहुँ, ३१ साउन**

तनहुँको भानु नगरपालिका क्षेत्रमा खादाको प्रयोगमा पूर्णरूपमा रोक लगाइएको छ।

भानु नगरकार्यपालिकाको बैठकले नगरपालिका क्षेत्रभित्र खादाको प्रयोग नगर्ने निर्णयअनुरूप रोक लगाइएको हो । विभिन्न कार्यक्रम, सभा, बैठक, समारोह तथा अन्य सम्मानलगायतका कार्यमा समेत खादा प्रयोग नगर्न निर्देशन गरिएको भानु नगर शिक्षा अधिकारी ध्रुवराज पौडेलले जानकारी दिनुभयो। खादा प्रयोगले अनावश्यक खर्च मात्रै बढाउने भएकाले यसको प्रयोग नगर्न सम्बन्धित निकायमा सोमबार नै परिपत्र गरिसकेको उहाँले बताउनुभयो । अब उप्रान्त कुनै पनि कार्यक्रममा प्रयोग नगर्न र नगराउन नगरपालिकाका सबै निकायमा जानकारी गराइएको उहाँले बताउनुभयो। भानु नगरपालिकाभित्र सञ्चालित विद्यालय, कलेज, शिक्षालय, सामुदायिक सिकाइ केन्द्र, सार्वजनिक पुस्तकालय, वाचनालय तथा अन्य सम्पूर्ण सार्वजनिक कार्यक्रममा खादा प्रयोगमा नल्याइने नगरपालिका कार्यालयले जनाएको छ। त्यसैगरी सामुदायिक शैक्षिक संस्थामा आयोजना गरिने वार्षिकोत्सव, सभा, बैठक समारोह, स्वागत तथा बिदाइ कार्यक्रम जस्ता सार्वजनिक कार्यक्रममा खादा प्रयोगमा पूर्णरूपमा बन्देज लगाइएको उहाँले जानकारी दिनुभयो।

## महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)को स्थापना दिवसमा बटुक र जेष्ठ नागरिकलाई भोजन

**पोखरापत्र संवाददाता**

**पोखरा, ३१ साउन**

महिला पर्यटन व्यवसायी मञ्च ओटेफले आफ्नो स्थापना दिवसको अवसरमा जेष्ठ नागरिक र बटुकहरुलाई खाना खुवाएर मनाएको छ।

'आर्थिक विकास लागि पर्यटन व्यवसायमा महिला' भन्ने मुल उद्देश्य सहित स्थापना भएको संस्थाले आफ्नो पाँचौ स्थापना दिवस पोखराको लेकसाइड स्थित केदारेश्वर मन्दिरमा जेष्ठ नागरिक र बटुकलाई भोजना खुवाएर मनाएको हो । कार्यक्रमा पोखरा पर्यटन परिषदका अध्यक्ष गोपीबहादुर भटराईले पर्यटनका विभिन्न पेशा व्यवसायमा आवद्ध महिलाको संस्था ओटेफले पर्यटन विकासको लागि सकारात्मक भूमिका खेलेको बताउनुभयो । व्यवसायी महिला संगठित भएर सशक्त रुपमा अगाडि बढ्न सफल भएको जनाउँदै त्यसको फाइदा पर्यटन क्षेत्र लिन सफल भएको धारणा राख्नुभयो। उहाँले संस्थाले पाँचौ स्थापना दिवस र महिलाको महान पर्व तीजलाई समेत जोडेर मन्दिर परिसरमा जेष्ठ नागरिक र बटुकलाई खाना खुवाउनुको साथै सिलिङ पंखा वितरण गरेर



सामाजिक उत्तरदायित्व बहन गर्न सफल भएको बताउनुभयो । उहाँले ओटेफका गतिविधि देशका विभिन्न जिल्ला एवम् प्रदेशमा पुग्नु निकै सकारात्मक भएको जनाउँदै आगामि दिनमा पर्यटन क्षेत्रको विकासका लागि अझ सशक्त भूमिकाको अपेक्षा परिषदले गरेको बताउनुभयो । होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले कुनै एउटा मात्र पर्यटन व्यवसाय आवद्ध नभइ सबै व्यवसायसँग आवद्ध महिलाको संस्था ओटेफले पर्यटन विकासमा साझा उद्देश्य राखेर अघि बढ्न सफल भएको धारणा राख्नुभयो। उहाँले फरक फरक कार्य गरेर संस्थाले आफ्नो छविलाई उच्च बनाउँदै लगेको बताउनु भयो। केदारेश्वर मन्दिरका पिठाधिश डा.चिद्धन चैतन्यले समाजमा विकृत उन्मुख हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै मठमन्दिरमा आएर पनि तीज पर्व एवम् संस्थाका कार्यहरु गर्न सकिन्छ भन्ने उदाहरण महिला पर्यटन व्यवसायीले दिन सकेको बताउनुभयो । कार्यक्रमा ओटेफका संस्थापक अध्यक्ष जमुना पराजुलीले संस्था स्थापना पश्चात विभिन्न क्षेत्रका महिला एकबद्ध भएर पर्यटन क्षेत्रको विकाससँगै नेतृत्व तथा व्यत्तित्व विकासका लागि अग्रसर हुँदै अघि बढ्न सफल भएको बताउनुभयो। उहाँले हरेक स्थापना दिवसमा सामाजिक कार्य गर्दै आएको स्मरण गर्नुभयो। ओटेफका अध्यक्ष पार्वती पाण्डेले हरेक वर्ष स्थापना दिवसको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्य गर्दै आएको स्मरण गर्दै यो वर्ष जेष्ठ नागरिक बटुकसँग सह भोजन गर्दै स्थापना दिवस मनाउन सफल भएको र यसले सकारात्मक ऊर्जा मिलेको बताउनुभयो । उहाँले ओटेफले विभिन्न जिल्ला पुगेर पोखराको पर्यटनलाई ब्राण्डिङ सफल भएको जानकारी दिदै आगामी दिनमा पर्यटन प्रवर्द्धन संस्थाको सदस्यहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमलाई जोड दिने बताउनुभयो।

कार्यक्रम संस्थाका उपाध्यक्ष उमा भण्डारी, महासचिव ममता न्यौपानेले संस्थाको गतिविधि उद्देश्य र भावि योजनाको बारेमा जानकारी दिनुभएको थियो । कार्यक्रममा ७६ जना बटुक २० जना जेष्ठ नागरिकलाई भोजन र केदारेश्वर मन्दिरका लागि आवश्यक ६ थान सिलिङ पंखा वितरण गरिएको कार्यक्रम संयोजक भावना रानाभाटले जानकारी दिनुभयो । कार्यक्रमा पर्यटन सम्बद्ध संघ संस्थाका अध्यक्षहरुको उपस्थित रहेको थियो ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. -५२०६५१

# गण्डकी प्रदेशको प्रमुख धार्मिक पर्यटकीय गन्तव्य बन्दै छ पुम्दीकोट: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पुम्दीकोट बिशाल महादेवको मुर्ति गण्डकी प्रदेशकै प्रमुख धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकसित हुदै गरेको बताउनु भएको छ।

यस बर्षको साउन महिनाको अन्तिम सोमबार बोलबमको अवसरमा सोमबार साँझ निकालिएको आरती कार्यक्रममा सम्बोधन गर्दै मन्त्री बरालले पुम्दीकोट विशाल महादेवको मुर्ति निर्माण अभियानलाई सफल पार्न सबैको ध्यान केन्द्रित हुनु पर्नेमा जोड दिदै उक्त कुरा बताउनु भएको हो।

पुम्दीकोट बिशाल महादेवको मुर्ति निर्माण अभियानलाई सफल पार्न अझै धैरै कार्य गर्न बाँकी रहेको बताउदै मन्त्री बरालले पुम्दीकोटले हाल कायम गरेको साखलाई अहिलेकै अबस्थामा कायम राख्न थप चुनौती भएको समेत बताउनु भयो। पुम्दीकोट हाल धार्मिक पर्यटकीय हिसावले उदाहरणिय गन्तव्यको रुपमा स्थापित हुदै आएको उल्लेख गर्दै मन्त्री बरालले पुम्दीकोटले हाल सामाजिक संजालमा बढी चर्चा पाएको बताउनु भयो। पुम्दीकोट आर्थिक हिसावले सम्पन्न भएको अबस्थामा यसबाट सम्पुर्ण पुम्दीभुम्दी बासिहरु समेत लाभान्वित हुने मन्त्री बरालको भनाई थियो। केहीले प्रत्यक्ष रुपमा पुम्दीकोटबाट फाइदा लिए पनि अन्यले अप्रत्यक्ष रुपमा यसबाट फाइदा लिन सकिने उहाँको दाबी थियो। अर्कोको रिस राग नगर्ने सधै सकरात्मक सोच गर्न सुझाव दिदै मन्त्री बरालले आरति गर्नुले सोच्छ मनले सबैलाई सकरात्मक ढंगले हेर्नुपर्नेमा जोड दिनु भयो। पुम्दीकोट परियोजना करिब ५५ प्रतिशत मात्र निर्माण कार्य पुरा भएको पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताउनु भयो। पोखरा २२ का वडा अध्यक्ष एवं समितिका उपाध्यक्ष हिमलाल बरालले उक्त परियोजनालाई सफल पार्न यस बर्ष पनि गण्डकी प्रदेश सरकारबाट अर्थ मन्त्री रामजी बरालको पहलमा एक करोड बजेट विनियोजन भएको बताउदै यस अभियानलाई सफल पार्न सबै तहका सरकार र स्थानियको सहयोग जुट्दै आएको बताउनु भयो।

उक्त कार्यक्रममा राष्ट्रपति कार्यालयका सचिव यादवप्रसाद कोइराला, कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य लगायतको सहभागिता रहेको समितिका सचिव प्रकाश बरालले बताए। यस बर्षको साउन महिनाको अन्तिम सोमबार शिवका भक्तजनहरुको बिहानै देखि अर्घ चढाउन भिड लागेको थियो। २०६७ सालमा मन्त्री बरालकै पहलमा शान्ति मन्त्रालयबाट करिब ६० लाखको लागतमा पुम्दीकोट भ्यू टावर निर्माण भएको थियो। उक्त भ्यूटावर निर्माण भएसंगै बिशाल महादेवको मुर्ति निर्माण अभियान सुरु भएको थियो।

# कर्मशीलका सदस्यलाई युआरएल र अन्नपूर्ण सिटीमा छुट

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

कर्मशील बचता तथा ऋण सहकारी पोखरा ८ सभागृहचोकका सेयर सदस्य र कर्मचारीले स्वास्थ्योपचारमा छुट पाउने भएका छन्।

उनीहरुले पोखराको महेन्द्रपुलमा रहेको अन्नपूर्ण सिटी क्लिनिकका सबै सेवामा १० प्रतिशत छुट पाउने छन्। अन्नपूर्ण सिटी पोखरा र काठमाडौंका विशेष विशेज्ञता हासिल गरेका डाक्टरबाट सञ्चालित सुपर स्पेसालिटी क्लिनिक हो।

यस्तै, उनीहरुले युआरएल र अन्नपूर्ण प्याथ ल्याबका सबै प्रकारका जाँचमा ३० प्रतिशत छुट पाउने भएका छन्। युआरएल गण्डकी प्रदेशको पहिलो र लोकप्रिय रेफरेन्स ल्याब हो भने अन्नपूर्ण प्याथ ल्याब महेन्द्रपुलमा छ। छुटसम्बन्धी



सम्झौतामा युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्त र कर्मशीलका सञ्चालक समिति अध्यक्ष संगीता गौतम तिमिल्सिनाले मंगलबार हस्ताक्षर गरेका छन्।

युआरएलका अध्यक्ष पन्तले कर्मशीलका सेयर सदस्य र कर्मचारीले युआरएल केन्द्रीय कार्यालयसहितका सबै सेवा केन्द्र र अन्नपूर्ण सिटी क्लिनिकमा छुट दिइने बताए। युआरएलले सामाजिक उत्तरदायित्व बहन गर्ने छुट प्रदान गर्ने सम्झौता गरेको कर्मशील १ सय १८ औं संस्था हो।

प्रदेशबासीलाई गुणस्तरीय ल्याब सेवा प्रदान गर्न प्रतिवद्ध युआरएलले विभिन्न संघ, संस्थासँग सहकार्य गरी निशुल्क शिविर आयोजना गर्ने गरेको छ।

# नवौं राष्ट्रिय खेलकुद : कार्यतालिका सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

गण्डकी प्रदेशमा आगामी असोज अन्तिम साता हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रदेश खेलकुद परिषद् गण्डकीले खेलाडी छनोट र बन्द प्रशिक्षणका लागि कार्यतालिका सार्वजनिक गरेको छ।

परिषद्ले प्रदेशका ११ वटै जिल्लाका खेलकुद विकास समितिका अध्यक्ष र कार्यालय प्रमुखको छलफलपछि कार्यतालिका सार्वजनिक गरेको हो। नवौं राष्ट्रिय खेलकुदको तयारीमा रहेको परिषद्ले दुई चरणमा विभाजन गरी खेलाडी छनोट गर्ने भएको परिषद्का सदस्य एवं प्रतियोगिता संयोजक खगेन्द्र क्षेत्रीले जानकारी दिनुभयो। पहिलो चरणमा १४ खेललाई विशेष प्रशिक्षणसहित सोझै छनोट गरिने छ भने २२ खेलको जिल्ला छनोट हुनेछ।

परिषद्ले पहिलो चरणमा आगामी भदौ ३ गतेदेखि १४ खेलको विशेष प्रशिक्षणसहित खेलाडी छनोट प्रतियोगिता कास्की, नवलपुर, स्याङजा र बागलुङमा सञ्चालन गर्ने निर्णय गरेको छ। यसैगरी २० दिनका लागि तय गरिएको विशेष प्रशिक्षणमा सफ्ट टेनिस, टेनिस, स्क्वास, खो-खो, हक्की, फेन्सिङ, स्विमिङ, साइक्लिङ, महिला ह्याण्डबल, महिला बास्केटबल, महिला फुटबल, महिला क्रिकेट, प्याराग्लाइडिङ, गल्फ, कुस्ती, सुटिङ र आर्चरी छन्।

यसैगरी अन्य २२ खेलका लागि जिल्ला छनोट प्रतियोगिता आगामी भदौ ९ देखि १२ गतेसम्म सञ्चालन हुनेछ। विशेष प्रशिक्षण र जिल्ला छनोटपश्चात् पोखरामा भदौ १५ देखि १८ गतेसम्म अन्तिम छनोट गर्न तालिका तय गरिएको संयोजक क्षेत्रीले जानकारी दिनुभयो। भदौ १५ गते भव्य कार्यक्रमबीच प्रदेश छनोटलाई 'स्टेट गेम्स'को रुपमा 'ब्राण्डिङ' गरी अघि बढाइने परिषद्ले जनाएको छ।

आगामी भदौ १५ गते देखि सुरु हुने अन्तिम छनोटमा २२ खेलका लागि तीन हजारभन्दा बढी खेलाडी पोखरा आउने छन्। आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म आयोजना हुने नवौं राष्ट्रिय खेलकुदमा ३६ र दुई प्रदर्शनी खेल समावेश गरिएको छ। गण्डकीबाट ३८ खेलमा सात सयभन्दा बढी खेलाडीले सहभागिता जनाउने छन्। छनोट भएका खेलाडीलाई आगामी भदौ २६ देखि असोज २६ गतेसम्म आवासीय सुविधासहित बन्द प्रशिक्षणमा राखिने परिषद्ले जनाएको छ।

# अभावमा सफलता खोज्दै फेन्सिङ खेलाडी, हौसला बढाउदै राजेश

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

कास्कीका फेन्सिङ खेलाडी अभावमा सफलता खोज्दैछन्।

कार्यालय र प्रशिक्षण गर्ने ठाउँ नभएर समस्यामा परेका खेलाडीलाई उर्जा थप्न राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङको सहयोग महत्वपूर्ण बनेको छ। एक महिना अगाडि पोखरा रंगशालामा रहेको मल्टिप्रपोज हलमा प्रशिक्षण हलमा प्रशिक्षण गर्ने व्यवस्था मिलाएका सदस्य गुरुङले मंगलबार प्रशिक्षण स्थलको निरिक्षण गरें।

तहाँ पुग्दा आर्थिक अवस्था कमजोर हुँदा दैनिक रुपमा प्रशिक्षणमा आउन खेलाडीलाई समस्या पर्ने गरेको उनले थाहा पाए। अनि तत्कालै उनले ६ जना फेन्सिङ खेलाडीलाई नगद सहयोग गरें। सहयोग हस्तान्तरण गर्दै उनले ३९ वर्षपछि गण्डकी प्रदेशमा आयोजना हुन लागेको नवौं



राष्ट्रिय खेलकुद प्रतियोगिताको राम्रो तयारी गर्न खेलाडीलाई सुझाए। गुरुङ नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अर्न्तगतको खेल मैदान व्यवस्थापन उपसमितिका संयोजक समेत हुन्। आठौं खेलकुद प्रतियोगितामा टिम इभेन्टमा काँस्य पदक हात पारेका फेन्सिङ खेलाडी यसपाली अझ उच्च मनोबलका साथ प्रतिष्पर्धामा उत्रने जिल्ला फेन्सिङ संघ कास्की अध्यक्ष विजय शाहीले बताए। कास्की जिल्लामा झण्डै ६० जना फेन्सिङ खेलाडी रहेको भएपनि आफूहरुले अहिले जुनियरलाई फोकस गरेको शाहीले सुनाए। हुनत यहाँ सातौ देखि खेलेका खेलाडी पनि छन्'उनले भने। फेन्सिङका खेलाडीले पर्फमेन्सको आधारमा अवसर पाइरहेको उनले सुनाए। यसपाली महिला र पुरुष दुवै तर्फको टिम राम्रो रहेको उनको भनाई छ।

'इकुप्मेन्ट नहुँदा समस्या परेको छ। आजसम्म एक थोपा पानी पनि सहयोग छैन, जेनतेन आइरहेका छन्। गुनासो खासै सुनुवाई भएको छैन। तरपनि राम्रो गर्ने कोशिस गरिरहेका छौं' अध्यक्ष शाहीले भने। राखेप सदस्य गुरुङले गरेको सहयोगले केही मलमपट्टी भने लागेको उनले सुनाए।

# कास्कीकोटमा दही जात्रा हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

पोखरा महानगरपालिका-२४ स्थित धार्मिक एवं पर्यटकीयस्थल कास्कीकोटमा आगामी भदौ ४ गते श्रीकृष्ण जन्माष्टमीका अवसरमा दही जात्रा गरिने भएको छ।

परम्परागत संस्कृतिको जगेर्ना गर्ने उद्देश्यका साथ विगत छ वर्षयता गुप्तकाली कश्यप धार्मिक क्षेत्र विकास समितिको आयोजनामा जात्रा गरिँदै आइएको छ। कोरोना कहरका कारण यसअघिका वर्षमा रोकिएको दही जात्रा यस वर्ष भने विभिन्न सांस्कृतिक झाँकी, बाजागाजासहित गर्न लागिएको



समितिका सचिव एवं जात्रा संयोजक ठाकुरप्रसाद त्रिपाठीले बताउनुभयो।

समितिले भजन चुट्का तथा विभिन्न झाँकीसहित कार्यक्रममा सहभागी हुन सबैलाई आह्वान गरेको छ। सहभागी उत्कृष्ट समूहलाई पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

# एमालेको पाँच एजेण्डा : ज्ञवाली

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३१ साउन**

नेकपा (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले नेकपा (एमाले) पाँच एजेण्डा लिएर चुनवाका लागि जनताकोमा जान लागेको बाताउनुभएको छ। उहाँले अहिलेको सरकारले चुनावी मिति तय गर्नु सकारात्मक भएको भन्दै एमाले पाँच वटा रणनीतिक योजनाका साथ जनतासामु जान लागेको बताउनुभयो।

प्रेस चौतारी नेपाल जिल्ला शाखा बागलुङले आयोजना गरेको पत्रकार सम्मेलनमा पूर्वपरराष्ट्रमन्त्रीसमेत रहनुभएका नेता ज्ञवालीले परराष्ट्र नीति, नागरिकता विधेयक, एसपिपी, आर्थिक सङ्कट तथा भ्रष्टाचारको विषयमा जनतालाई प्रष्ट पार्दै समृद्धिका लागि योजना बनाएर चुनावमा जान तयार भएको बताउनुभयो।

# निर्वाचनका लागि ८४ दल दर्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

आउँदो प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि नयाँ र पुराना गरी ८४ दलले दर्ताको निवेदन दिएका छन्। सरकारले निर्वाचन आयोगको परामर्शमा यही साउन १९ गते आगामी मङ्सिर ४ गतेका लागि एकै चरणमा निर्वाचनको मिति घोषणा गरेपछि दिइएको दल दर्ताको अवधिको अन्तिम दिन मंगलबारसम्म ती दलले दर्ताका लागि निवेदन दिएका हुन्। आयोगले ती दलको मूल दर्ता र दर्ता मिति, पार्टीको नाम, पार्टीका प्रमुखको नाम, आयोगमा रहेको दल दर्ता नम्बरसमेतको सूचीसहितको विवरण तयार गरेको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# ब्यापकता लिंदै ट्होटे

नेपाल बहुजाति, धर्म र भाषा भएको देश हो । नेपालको संविधानले नै बहु धर्म, जाति, सस्कृति र भाषा भएको देश किटान गरेको छ । हरेक जाति, भाषा र सस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न राज्यको दायित्व हो । नेपालमा बसोबास गर्ने सवै जाति, सम्प्रदायले मनाउने चार्ड पर्व फरक फरक प्रकृतिका छन । आ-आफनो मौलिकता बोकेका सांस्कृतिक चार्ड पर्व छन । एक जातिले मनाउने चाडपर्वमा अर्को जातिले पनि मनाउने गरेको उदाहरण छ । एउटा जातिले अर्को जातिको पर्वमा अर्को जाति गएर शुभकामना दिने सहभागिता जनाउने गरेको छन । सबैले सबैको अस्तित्व स्वीकार गरेकै कारण सामाजिक सद्भाव कायम छ ।

गण्डकी प्रदेश गुरुङ जातिको थाक थलो हो । गण्डकी प्रदेशमा गुरुङ जातिको एतिहासिक थाक थलो भएकै कारण यहाँ मनाउने चाडपर्व पनि एतिहासिक छन । गुरुङ जाति जहाँ बसे पनि आफ्नो सांस्कृतिक पर्व मनाउने गर्दछन । नेपालमा मात्र सिमित नभई वेलायत, अमेरिका, हङकङ, जापान, लगायत विदेशमा पनि आफना मौलिक सास्कृतिक पर्व मनाउने गरेको छन । गुरुङहरुले साउन र चैत महिनामा गाउँघरको सुरक्षाको लागि ट्होटे खेल्ने गर्दछन । आफनो घर बारी, समाज र राज्यको सुरक्षाका लागि ट्होटे खेल्ने गरेको इतिहासकार र वुढापाखाहरु बताउने गर्दछन । समाज विकाससंगै चाडपर्वलाई पनि परिस्कृत गर्ने गरिएको छ । आधुनिक समाजमा चाडपर्व पनि आधुनिकता दिने गरिएको छ ।

जंगली युगमा हुँदा जनावरवाट सुरक्षित छन् हतियार लिने गर्दथे । पछि गुरुङ जातिले आफनो गाउँको सुरुक्षाको लागि हतियार लिएर ट्होटे खेल्ने गर्दथे । पछि खेतवारीमा लाग्ने किरा फट्याङ्गा र भुतप्रेत मगाउने ट्होटे खेल्ने गरिएको जानकारहरु बताउछन । हिजोको गाउँघरमा खेल्ने ट्होटेलाई बचाई राख्न शहर वजारमा बसोबास गर्नेहरुले प्रयास गरेका छन । गण्डकी प्रदेशको राजधानी पोखरामा वसोवास गर्ने गुरुङ जातिले ट्होटेलाई तमु धिं नेपालको आव्हानमा भव्य रुपमा मनाउने गरेका छन । आफनो भाषा, संस्कृति र संस्थाले संस्कृतिलाई जोगाउने काम गरेका छन । वर्षको दुई पटक साउन महिनाको अन्तिम मंगलबार र चैत महिनाको अन्तिम मंगलबार पोखरामा सामुहिक ट्होटे मनाउने गरिएको छ । पोखरामा मनाइएको ट्होट्मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका राष्ट्रपति विद्या देवी भण्डारी सहभागी भएर गरिमा बढाउने काम भएको छ ।

राष्ट्र प्रमुख समारोहमा उपस्थित भएर सम्बोधन गर्नु तमु धिं को ऐतिहासिक काम भएको छागणतन्त्र पछि हरेक भाषा, धर्म, संस्कृति र पर्वको महत्व बढ्छ भन्ने राष्ट्रपतिको उपस्थिति हो । पहिला जनावार, किरा फट्याङ्ग्रा भूतप्रेतवाट जोगिन पर्दथ्यो भने अहिले अन्याय र अत्याचार, भ्रष्टचार, कुशासन र विसंगती विरुद्ध लड्नु पर्ने भएको छ । ट्होटेलाई अधिकार प्राप्ति, संस्कृति बचाउने र विकृति अन्त्यका लागि खेल्न थालिएको छ । भाषा, भेषभुषा र संस्कृति जोगाउने काम बुठापाकाको मात्र हाईन । गुरुङ जातिका नयाँ पिढी, युवा, पुस्ता र राज्यलाई पनि ट्होटे पर्वको सांस्कृतिक महत्व बुझाउनु पर्ने भएको छ । संघ, प्रदेश र स्थानीय गरी तीन तह तहका सरकारले सघाउनु पर्दछ । अझ प्रदेश र स्थानीय तहका सरकारले गुरुङ जातिको ऐतिहासिक सांस्कृतिक पर्व ट्हाटेलाई आफ्नै पर्व संझेर सहयोग गर्नु पर्दछ । ट्होटे पर्वलाई जीवन्त राख्न लागिपर्ने र सहयोग गर्नेलाई गोलबन्द गर्दै व्यापक बनाउन सकेमा महत्व बढेर जानेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# घुम्ती सेवा शिविरमा तीन सय ६१ लाभान्वित

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३१ साउन**

बागलुङ नगरपालिकाद्वारा सोमबार आयोजित 'घुम्ती सेवा शिविर' मा भकुण्डेका तीन सय ६१ नागरिकले विभिन्न पाँच प्रकारका सेवा प्राप्त गरेका छन् ।

बागलुङ-१० भकुण्डेमा सञ्चालित शिविरमा योजना सम्झौता, अपाङ्गता परिचयपत्र वितरण, निःशुल्क स्वास्थ्य जाँच तथा औषधि वितरण, वित्तिय साक्षरता र माटो परीक्षणलगायत सेवा प्रदान गरिएको थियो । शिविरमा चालु आर्थिक वर्षका १६ योजना सम्झौता भएको वडाध्यक्ष तीलबहादुर थापाले जानकारी दिनुभयो । सो अवसरमा महिला अध्यक्ष भएका चार , पुरुष अध्यक्ष भएको नौ र संस्थागत तीन गरी १४ योजना समेत सम्झौता भएका थिए । सम्झौता गरिएका सबै योजनाको बैंक खाता खोलिएको छ ।

शिविरमा सञ्चालित निःशुल्क स्वास्थ्य जाँच तथा उपचार सेवाबाट एक सय ५१ लाभान्वित भएका छन् । तीमध्ये ६७ महिलाको पाठेघर जाँच र उपचार गरिएको जनाइएको छ । तीमध्ये दुई महिलाको पाठेघर खसेकोमा रिङ्ग पेशरी राखिएको र १६ महिलाले यौनजन्य रोगको उपचार तथा परीक्षण र तीन जनाको परिवार नियोजना गरिएको जनाइएको छ । एक सय चार जनाको मधुमेह परीक्षण गरिएको छ । स्वास्थ्य शिविरबाट अधिकांश उच्च रक्तचाप, स्त्री रोग र हाडजोर्नीका बिरामीले लाभ लिएको नगरपालिकाका जनस्वास्थ्य निरीक्षक रामप्रसाद खनालले जानकारी दिनुभयो । नयाँ र पुरानो गरी ३० जनालाई अपाङ्गता परिचयपत्र वितरण वितरण गरिएको छ । ती मध्ये 'क' वर्गका १५, 'ख' वर्गका १० र 'ग' वर्गका पाँच छन् ।

शिविरकै अवसरमा कृषि प्राविधिकले किसानको खेतबारीमै पुगेर माटोको गुणस्तर परीक्षण गरेका थिए । चालीस रोपनी जग्गालाई समेटिएर १५ स्थानको माटोको नमूना परीक्षण गरिएको थियो । नगरका कृषि शाखा प्रमुख राहुले केसीका अनुसार भकुण्डेको माटोमा अधिकांश अम्लियपन रहेको पाइएको छ । शिविरमा उपभोक्ता समिति, टोल विकास समिति र सर्वसाधारण गरी ४५ लाई वित्तीय सारक्षरता अनुशिक्षण दिइएको थियो । बालमैत्री नगरपालिका घोषणा गर्नका लागि आवश्यक सूचकहरु पूरा गर्नका लागि १५ सदस्यीय बालमैत्री स्थानीय शासन वडा समिति गठन गरिएको थियो ।

# टानको अध्यक्षमा बाँस्तोला विजयी

**रासस**
**काठमाडौं, ३१ साउन**

पर्वतीय पर्यटन व्यवसायीको छाता सङ्गठन ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) को अध्यक्ष पदमा निलहरि बाँस्तोला विजयी हुनुभएको छ ।

गएराति सम्पन्न टानको ४४औं वार्षिक साधारणसभा एवं निर्वाचनबाट उहाँ ६१६ मतप्राप्त गरी विजयी हुनुभएको हो । उहाँका प्रतिस्पर्धी रामप्रसाद सापकोटाले २६४ मत प्राप्त गर्नुभएको छ । निर्वाचनमा अध्यक्षका प्रतिस्पर्धी बाँस्तोलाको प्यानल नै विजयी भएको छ । निर्वाचन समितिका अनुसार टानको वरिष्ठ उपाध्यक्षमा कृष्णप्रसाद दाहाल, प्रथम उपाध्यक्षमा प्रदीप पण्डित, द्वितीय उपाध्यक्ष धनबहादुर गुरुङ, महासचिवमा विनोद सापकोटा (बाबु) , सचिवमा होमनाथ भट्टराई र कोषाध्यक्षमा पुरुषोत्तम तिमिल्सिना, सहकोषाध्यक्षमा छिङ दोर्शी शेर्पा विजयी हुनुभएको छ ।

महिला सदस्यमा सजना त्रिपाठी ,खुल्ला सदस्यमा सदस्यहरुमा रामप्रसाद बञ्जारा, राजु अर्याल, गणेश बहादुर अधिकारी, कुमार लामा, नविनाथ देवकोटा, सुवास भण्डारी, लाक्पा दोर्जे शेर्पा र कृष्णबहादुर परियार निर्वाचित हुनुभएको टान निर्वाचन समितिले जनाएको छ ।

टानका नवनिर्वाचित अध्यक्ष बास्तोलाले टानलाई व्यवसायीको साझा संस्थाको रुपमा स्थापित गर्न सरोकारवालासँग सहकार्य गेरर अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले निर्वाचनका दौरानमा प्रस्तुत गरिएको २० बुँदे घोषणापत्र कार्यान्वयनका लागि प्राथकिताका साथ लाग्ने विश्वास व्यक्त गर्नुभयो । टानलाई समयसापेक्ष बनाउँदै सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाएर व्यवसायीको समस्यालाई सम्बोधन गरिने उहाँको भनाइ छ ।

# आर्थिक समाज नेपालको वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

आर्थिक समाज नेपाल, कास्कीको पाचौं बार्षिक साधारण सभा, सामाजिक परिक्षण कार्यक्रम संस्थाका अध्यक्ष कृष्णकुमार लामिछानेको सभापतित्व तथा सरस्वती क्याम्पस काठमाडौंका सह प्रध्यापक, तथा नेपाल आर्थिक संघ काठमाडौंका सचिव श्री खोमराज खरेलको प्रमुख आतिथ्यतामा मंगलबार सम्पन्न भएको छ ।

संस्थाका सचिव भिम प्रसाद उपाध्यायले स्वगत गर्नुभएको, उक्त कार्यक्रममा महासचिव रमेशबहादुर खड्काले आ.ब. २०७८/०७९ को बार्षिक प्रगति प्रतिबेदन र आ.ब. २०७९ र ०८० को नीति तथा कार्यक्रम, पेश गर्नु भएको थियो र कोषाध्यक्ष शिलु चालिसेले पेश गर्नुभएको आ.ब.२०७८ र ०७९ को आर्थिक आय र ब्ययको बिबरण तथा आ.ब. २०७९ र ०८० को अनुमानित बजेट तथा कार्यक्रम सर्बसम्मतबाट पारित गरेको छ ।

उक्त कार्यक्रम महासचिव रमेशबहादुर खड्काले सञ्चालन गरेका थिए । प्रमुख अतिथिको सह प्राध्यापक तथा यस संस्थाका सल्लाहाकार डा. खोमराज खरेलले हालसम्म यस संस्थाले गरेका राम्रा राम्रा गतिबिधिहरुको प्रशंसा गर्दै आगामी दिनहरुमा पनि यस संस्थाले, प्रादेशिक तथा स्थानिय पालिका तहहरुमा बैङ्किङ, आर्थिक, कृषि, पर्यटन क्षेत्र लगायतका योजना तर्जुमा, कार्यक्रम अनुगमन तथा मुल्याङ्कन जस्ता बिषयहरुमा सहयोग पुराउनु पर्ने सुझाब दिनुभएको थियो ।

संस्थाका महासचिव रमेशबहादुर खड्काले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा बिभिन्न सरोकारवालाहरु संग अन्तरक्रिया गरी संस्थाका गतिबिधिका बारेमा सामाजिक परिक्षण समेत गरिएको थियो ।

# आठ सय ४८ संक्रमित थपिए

**काठमाडौं**
**रासस, ३१ साउन**

कोरोना भाइरसको सङ्क्रमण मंगलबार आठ सय ४८ जनामा देखिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनमा पाँच हजार छ सय १९ परीक्षणमध्ये सो सङ्ख्यामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको हो ।

सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार दुई सय ५९ पुगेको छ । यस्तै मंगलबार कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई पाँच सय २६ घर फर्किएका छन् । यस अवधिमा कोरोना भाइरसको सङ्क्रमणबाट एक जनाको निधन भएको छ । अहिलेसम्म ११ हजार नौ सय ९० को सङ्क्रमणबाट निधन भएको छ । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर तथा दुई सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला कैलाली रहेको छ ।

सङ्क्रमित शून्य भएका जिल्ला मनाङ, कालीकोट, मुगु, डोल्पा, जुम्ला र हुम्ला रहेका छन् ।

## एउटै व्यक्ति भएको सूचना

स्याङ्जा जिल्ला ओरष्टे गाविस वडा नं. ७ (हाल विरुवा गाउँपालिका वडा नं. ४) निवासी **सरस्वती बास्तोला** भन्ने र **सरस्वती पोखेल बास्तोला** भन्ने व्यक्ति एउटै भएको सार्वजनिक जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



सरस्वती पोखेल बास्तोला
ना.प्र.नं. ४२१००६/६८
जन्म मिति : २०५०/०६/११ गते

## विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नामः सविता सुवेदी
ठेगानाः व्यास न.पा.-१२, तनहुँ
विमा लेख नं. ०६१०००९०७८

सम्पर्क : गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा
फोनः ०६१-५२४४५०, मो. ९८१६१५४७३३

## पुतलीबजार नगरपालिका भएर बग्ने आँधिखोला, रिंगदि खोला, दरौंखोला र बाङखोलाको बगर क्षेत्रबाट दिगो रूपमा ढुंगा, गिट्टी वालुवा तथा नदिजन्य पदार्थको संकलन/उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (आईइ) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/०५ /१)

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिकामा पुतलीबजार नगरपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | स्याङ्ज्जा जिल्ला, पुतलीबजार नगरपालीका, नगर कार्यपालिकाको कार्यालय प्रगतिनगर-०१, स्याङ्ज्जा | | | | |
| प्रस्तावकको व्यहोराः | पुतलीबजार नगरपालिका भएर वग्ने आँधिखोला, रिंगदि खोला, दरौँखोला र बाङखोलाको विभिन्न घाटबाट ढुंगा, गिट्टी, वालुवा तथा नदि जन्य पर्दाथ संकलन/उत्खनन् गर्ने | | | | |
| घाटको नाम | प्रभावित वडाहरु | नदी/खोला नाम | घाटको नाम | प्रभावित वडाहरु | नदी/खोला नाम |
| सेतीदोभान घाट | ४ | आँधिखोला | लाम्पाटा घाट | ११ र १३ | आँधिखोला |
| दुइघरे घाट | ४ | आँधिखोला | गैरीजाँगर घाट | ११ र १३ | आँधिखोला |
| दुलेरहदेखि पुतलिखेत पक्कि पुलसम्म घाट | ३ र १४ | आँधिखोला | बलांग-बेलबास घाट | ११ र १३ | आँधिखोला |
| छिडी घाट | १ र १४ | आँधिखोला | हेलू आँधि दरौं दोभान घाट | ११ | आँधिखोला |
| खल्लुबोट घाट | १० र १३ | आँधिखोला | रिंगदि खोला | १३ | रिंगदि खोला |
| राँगखोला दोभान | १० र १३ | आँधिखोला | बाङखोला | ३ | बाङखोला |
| सुरौदिखोला-प्युरीदोभान | ६ | सुरौदिखोला | | | |
| प्रभाव पर्नसक्ने जिल्ला/ नपा | स्याङ्ज्जा जिल्ला, पुतलीबजार नगरपालिका | | | | |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न पुतलीबजार नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रगतिनगर -०१ स्याङ्ज्जा
फोन नं. ०६३-४२००८०, इमेलः info@putalibazarmun.gov.np

२. साइन इन इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.,काठमाडौं,
फोनः ९८१७१३४७०६ इमेलः signin12nepal@gmail.com

# झोलुङ्गे पुल हेर्नेको आकर्षण बढ्यो

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ३१ साउन

स्याङ्जाका विभिन्न खोलानालामा झण्डै दुईदर्जन झोलुङ्गे पुल अहिले पनि कायम छन् ।

कतिपय झोलुङ्गे पुल प्रयोगमा छन् भने कतिपय झोलुङ्गे पुल प्रयोग विहिन अवस्थामा छन् । पक्की पुल निर्माण भएसगै केही झोलुङ्गे पुल प्रयोग विहिन अवस्थामा रहेका छन् । कुनैबेला झोलुङ्गे पुल मानिसहरु ओहोरदोहोर गर्न बढी प्रयोग हुने गर्थे । यस्तापुलको कुनै प्रचार प्रसार हुने गर्दैनर्थे । तर अहिले प्रविधिको प्रयोग सगै नयाँ पुस्तामा झोलुङ्गे पुल घुम्न र रमाउन निकै आकर्षण बन्दै आएका छन् ।

स्याङ्जाको फेदिखोला गाँउपालिका स्थित भालुपहाड र गल्याङ नगरपालिकाको चिउरीमा निर्माण गरिएका पुलहरु आन्तरिक पर्यटकहरुको आकर्षकको केन्द्र बन्न पुगेका छन् । जिल्लाकै सबै भन्दा लामो र अग्लो झोलुङ्गे पुल चिउरीमा अहिले स्थानीय र बाहिरी जिल्लाबाट आउने मानिसहरुका लागि निकै रमाउने



गन्तव्य बनेको छ । पुल सम्पन्न भएको एक महिना नहुदै यो पुल हेर्न आउनेहरुको दैनिक भिड लाग्ने गरेको स्थानीय होमकान्त गौतमले बताए । सिद्धार्थ राजमार्ग सगै जोडिएको यो पुल सर्वसाधरणका लागि अत्यन्तै मनमोहक, रमाउन र घुम्न आकर्षक बनेको उनले बताए । गल्याङ नगरपालिकास्थित चिउरीको भीरमा दुई वडालाई जोड्ने आँधीखोलामाथी निर्माण गरिएको झोलुङ्गे पुल एसए शैलेन्द्र जेभीले २०७७ असारबाट सुरु गरेको थियो । पुल २०७८ वैशाखमा सक्नुपर्ने भए पनि कोरोना संक्रमणका कारण समयावधि थप गरि २०७९ साउनमा सम्पन्न गर्ने सम्झौता भएको पूर्वाधार विकास कार्यालयका प्रमुख सन्तोष अर्यालले बताए । पुल २०७९ साउन २० सम्ममा सक्नेगरी समयअबधी थप गरिएपनि निर्धारित समय अगावै सम्पन्न भएको अर्यालले बताए । ३ सय ६८ मिटर लामो र झण्डै ७० मिटर उचाई रहेको पुल निर्माणका लागि एक करोड ८३ लाख रुपैंयामा ठेक्का सम्झौता भएको थियो । गल्याङ र पेलाकोटका नागरिकलाई छिटो आवत-जावत गर्न सहज हुनुका साथै पर्यटन प्रवर्द्धनमा यो पुलको भुमिका महत्वपुर्ण हुने बताइएको छ । ग्रामीण क्षेत्रमा उत्पादन गरिएका कृषि तथा ग्रामीण पर्यटन मात्र नभई युवायुवतीहरुलाई टिकटक बनाउने देखि घुमघामका लागि मुख्य गन्तव्य बनेको छ । यातायातको असुविधा तथा प्रचारप्रसारको अभावका कारण ओझेलमा परेको पेलाकोटमा रहेको केदारनाथ मन्दिरसम्म दर्शनार्थीलाई पुग्न यो पुलले सहयोग पुऱ्याउने विश्वास स्थानीयले लिएका छन् । धार्मिक पर्यटनलाई समेत जोड दिन यो पुलले भुमिका खेल्ने गल्याङ नगरपालिकाका नगर प्रमुख गुरुप्रसाद भट्टराईले बताए । मानिसहरुको भिड अत्यन्तै लाग्न थालेको छ नगर प्रमुख भट्टराईले भने,'यसका लागि पार्किङ, सुरक्षा, होटल सुविधाका लागि नगरपालिकाले छिट्टै योजना बनाएर अगाडी बढाउने छ ।' झोलुङ्गे पुलको सदुपायेग गर्दै गल्याङ् नगरपालिकाको पर्यटकीय गन्तव्यको रुपमा नगरपालिकाले हेरेको छ उनले भने । सिद्धार्थ राजमार्गको वालिङ गल्याङ सडकखण्डको प्रवेशद्धारमा रहेको यो पुल गल्याङ नगरपालिकामा मात्रै नभएर जिल्लाकै पर्यटन प्रवद्धनमा टेवा पुग्ने बताइएको छ । अत्यन्तै जोखिम रहेका दुई भिरलाई जोडेको यो झोलुङ्गे पुलले आन्तरिक र बाह्य पर्यटकलाई भित्राउन एक कोषेढुङ्गा सावित हुने देखिन्छ ।

# पुरानै लयमा फर्किंदै धार्मिक पर्यटन

पोखरापत्र संवाददाता
म्याग्दी, ३१ साउन

विगतका दुई वर्ष कोरोना महामारीका कारण सुस्ताएको धार्मिक पर्यटन म्याग्दीमा पुरानै लयमा फर्किन थालेको छ ।

पश्चिम नेपालको पशुपतिनाथका नामले चर्चित म्याग्दीको प्रसिद्ध गलेश्वरधाममा साउन महिनामा मात्र सवा लाख धार्मिक पर्यटक आएका र अन्तिम सोमबार एकैदिन ३० हजारभन्दा बढी भक्तजनले दर्शन तथा पूजाआजा गरेका गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो ।

बेनी नगरपालिका-९, गलेश्वरस्थित रहेको गलेश्वर धाम पछिल्लो समय धार्मिक पर्यटकको आकर्षकस्थल बनेको उहाँको भनाइ छ । यसवर्ष साउन महिनामा पाँच सोमबार परेकोमा गलेश्वरमा म्याग्दीसहित पर्वत, बागलुङ, कास्की, चितवन, नवलपुर, नवलपरासी, बुटवल, भैरहवा, काठमाडौं, नेपालगञ्ज, वर्दिया र बझाङ जिल्लाबाट भक्तजन दर्शन गर्न आएको गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ ।

साउने सोमबारमा गलेश्वर शिवालयमा भक्तजनलाई लक्षित गरेर विभिन्न १९ उपसमिति गठन गरी उनीहरुलाई सहज रुपमा पूजाअर्चना गर्ने व्यवस्थापन मिलाइएको थियो । अन्तिम सोमबार विगतका चार सोमबारमा भन्दा पनि सबैभन्दा धेरै भक्तजनले मन्दिरको दर्शन तथा पूजाअर्चना गरेका थिए । पाँच सोमबार पर्नुका साथै गएको दुई वर्ष कोरोनाको कारणले पूजाअर्चना गर्न नपाएका भक्तजनले यसवर्ष गलेश्वर पुगेर पूजा गरेका छन् । यसवर्ष अन्तिम सोमबार म्याग्दीसहित देशका विभिन्न जिल्लाबाट ३० हजारभन्दा बढी भक्तजन आएको गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ । पछिल्लोपटक गलेश्वर क्षेत्रमा भक्तजनलाई लक्षित गरेर विभिन्न धार्मिक पूर्वाधार निर्माण गरिएपछि मन्दिरमा दर्शन तथा पूजाआजा गर्न आउने भक्तजनको सङ्ख्यामा वृद्धि भएको छ । बेनीका महिला उद्यमी हिराँदेवी कँडेलले मनोकामनासहित परिवारमा सुख, शान्तिको कामना गर्दै गलेश्वरको दर्शन गरेको अनुभव सुनाउनुभयो । प्रसिद्ध मुक्तिनाथ मन्दिरको प्रवेशद्वारको रूपमा रहेको म्याग्दीको गलेश्वर शिवालयमा पछिल्लोपटक ११ गौमुखी धारा जडान गरिएको छ । गलेश्वरको दर्शन गर्न आउने भक्तजनलाई लक्षित गरेर पवित्र कालीगण्डकी नदीको गङ्गाजलले स्नान गर्ने व्यवस्था मिलाइएको हुँदा भक्तजनको संख्यामा वृद्धि हुँदै गएको छ । मन्दिरमा सङ्कलित भेटी पूर्वाधार विस्तार, ज्येष्ठ नागरिक तथा कर्मचारी व्यवस्थापनसहित विभिन्न धार्मिक कार्यमा खर्च गर्ने गरिन्छ ।

## आँधिखोला गाउँपालिका भएर बग्ने आँधिखोला, सेतीखोला र पातीखोलाको बगर क्षेत्रबाट दिगो रूपमा ढुंगा, गिट्टी वालुवा तथा नदिजन्य पदार्थको संकलन/उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण(आईइ) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/०५ /१)

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, आँधिखोला गाउँपालिकामा आँधिखोला गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

<table>
<tr><td>प्रस्तावकको नाम तथा ठेगाना</td><td colspan="3">स्याङ्जा जिल्ला, आँधिखोला गाउँपालिका वडा नं. ५, कृषि, स्याङ्जा</td></tr>
<tr><td>प्रस्तावकको व्यहोराः</td><td colspan="3">आँधिखोला गाउँपालिका भएर बग्ने आँधिखोला,सेतीखोला र पातीखोलाको विभिन्न घाट बाट ढुंगा, गिट्टी, वालुवा तथा नदि जन्य पर्दाथ संकलन/उत्खनन् गर्ने</td></tr>
<tr><td>घाटको नाम</td><td>प्रभावित वडाहरु</td><td>घाटको नाम</td><td>प्रभावित वडाहरु</td></tr>
<tr><td>सेतीखोला-आँधिखोला दोभान घाट</td><td>२ र ५</td><td>एकराय घाट</td><td>६</td></tr>
<tr><td>रंगेठाटि-भुंगयानको रह घाट</td><td>२ र ५</td><td>च्याठे घाट</td><td>२ र ५</td></tr>
<tr><td>गबटेपुलको मुख घाट</td><td>२ र ५</td><td>चिलाउनी भाटि घाट</td><td>२ र ५</td></tr>
<tr><td>वाइया घाट</td><td>२ र ५</td><td>सरादिखोला घाट</td><td>२</td></tr>
<tr><td>सिमखेत घाट</td><td>३</td><td></td><td></td></tr>
<tr><td>प्रभाव पर्न सक्ने जिल्ला/ नपा</td><td colspan="3">स्याङ्जा जिल्ला, आँधिखोला गाउँ</td></tr>
</table>

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न आँधिखोला गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. आँधिखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय वडा नं. ५, कृषि, स्याङ्जा
फोन नं. ०६३-४१३०००, ०६३-४१३००१, ०६३-४१३००२ इमेलः andhikholarm@gmail.com

२. साइन इन इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.,काठमाडौं,
फोनः ९८१७१३४७०६ इमेलः signin12nepal@gmail.com

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्मः
वि.सं. २००९/०७/२७



स्वर्गारोहण :
वि.सं. २०७९/०४/२१

**स्व. पदम बहादुर राना**

नेपाल मगर संघ नमुना इकाई समिति पोखरा-१४, कास्कीका सदस्य जोग बहादुर राना मगरका पूजनीय बुबा तथा सदस्य आशा राना मगरका पूजनीय ससुराबुबा हरिनास गाउँपालिका-२, टारा, स्याङ्जा निवासी **पदम बहादुर राना मगर**को ७० वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवाजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रकाश पुन मगर**
**अध्यक्ष तथा**
**नमुना एकाई समिति परिवार**

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०१

यस **रोयल वचत तथा ऋण सकारी संस्था लि. स्याङ्जा** बाट तपशिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको कर्जाको संस्थासँग गरेको शर्त सम्झौता तथा लिखत बमोजिम उपभोग गरेको कर्जाको साँवा, ब्याज, हर्जना ब्याज तथा अन्य दैदस्तुर आदि रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई आलटाल गरी कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लङ्घन गरेकाले सो सम्बन्धमा विभिन्न मितिमा मौखिक तथा लिखित पत्रहरुद्धारा १५ (पन्ध्र), ७ (सात) र ३ (तीन) दिने सूचना गर्दा समेत ऋणीहरुले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना ब्याज रकम तथा अन्य दैदस्तुर रकम समेत चुक्ता तथा भुक्तानी नगरी आलटाल गरी बाँकी राखि कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुँदा कर्जा चुक्ता गर्न आउने बारेको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राखी आफूले दिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना ब्याज रकम तथा अन्य दैदस्तुर आदि रकम चुक्ता भुक्तानी गर्नुहोला । अन्यथा ऐन, कानून तथा संस्थाको नियम र यस संस्थासँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारबाही गरी लिखत बमोजिमको संस्थाले लेना रकम धितोमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री लगाएतका कानूनी कारबाही गरी असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समाबेश गर्न सकिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लिखत अनुसारको सम्पूर्ण रकम धितो लिलामबाट असुल उपर नभए सहकारी ऐन, २०७४ तथा सम्बद्ध निकाय अन्य कानूनी प्रक्रिया अनुरुप ऋणीहरु तथा जमानी कर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणहरु जमानी कर्ताहरु तथा सम्बन्धीत सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

तपशिल :

<table>
<tr><td>क्र.स</td><td>ऋणीको नाम :</td><td>व्यक्तिगत जमानीकर्ताहरु :</td></tr>
<tr><td>१.</td><td><br>नाम : चन्द्रबहादुर दमै<br>बाबु : उदर सिङ दमै<br>बाजे : च्याउरे दमै<br>ठेगाना : बिरुवा गाउँपालिका वडा नं. -५, (साविक किचनास गाविस-३) हाल पुतलीबजार नगरपालिका वडा नं.-१, स्याङ्जा<br>ना.प्र.नं. ९६४०<br>जारी मिति :२०४९/०२/०९, स्याङ्जा</td><td>नाम : राजु नेपाली परियार<br>बाबु : चन्द्रबहादुर दमै<br>बाजे : उदर सिङ दमै<br>ठेगाना : बिरुवा गाउँपालिका वडा नं.-५ (साविक किचनास गाविस-३) हाल पुतलीबजार नगरपालिका वडा नं.-१, स्याङ्जा<br>ना.प्र.नं. : ७३८४०<br>जारी मिति : २०६०/०९/०७ स्याङ्जा ।</td></tr>
<tr><td colspan="3">धितोमा रहेको सम्पत्तिको विवरण :</td></tr>
<tr><td colspan="3">चन्द्रबहादुर दमैको नाममा जिल्ला मालपोत कार्यालय स्याङ्जामा श्रेष्ता कायम रहेको साविक स्याङ्जा पुतलीबजार-९ हाल पुतलीबजार नगरपालिका वडा नं.-१ को कित्ता नं. ४०६ को क्षेत्रफल ०-३-०-० रोपनी भएको जग्गा र सो जग्गामा चर्चेको सम्पूर्ण लिगलगापात समेत ।</td></tr>
<tr><td></td><td>ऋणीको नाम :</td><td>व्यक्तिगत जमानीकर्ताहरु :</td></tr>
<tr><td>२</td><td><br>नाम : राजु नेपाली<br>बाबु : डल्ले नेपाली<br>बाजे : खिमबहादुर<br>ठेगाना : बिरुवा गाउँपालिका वडा नं.-६ (साविक चिन्नेबास गाविस वडा नं.-१), स्याङ्जा<br>ना.प्र.नं. : ४१०५४<br>जारी मिति : २०५४/०७/०५, स्याङ्जा</td><td>नाम : जमुना नेपाली<br>पति : राजु नेपाली<br>ससुरा : डल्ले नेपाली<br>ठेगाना : बिरुवा गाउँपालिका वडा नं.-५ (साविक चिन्नेबास गाविस वडा नं.-१) स्याङ्जा<br>ना.प्र.नं. : ४२३०१५/६०५<br>जारी मिति : २०६३/१०/२१, स्याङ्जा</td></tr>
<tr><td></td><td>धितोमा रहेको सम्पत्तिको विवरण :</td><td></td></tr>
<tr><td colspan="3">राजु नेपालीको नाममा जिल्ला मालपोत कार्यालय स्याङ्जामा श्रेष्ता कायम रहेको साविक चिन्नेबास गाविस वडा नं.-१ हाल बिरुवा गाउँपालिका वडा नं.-६ को कित्ता नं. १४, १५ र १६ को क्षेत्रफल क्रमश ९-८-१-२, १-१-२-२ र ८-६-३-० रोपनी भएको जग्गा र सो जग्गामा चर्चेको सम्पूर्ण लिगलगापात समेत ।</td></tr>
</table>

रोयल बचत तथा ऋण सहकारी संस्था लि.
ROYAL Savings & Credit Co-operative Ltd.
पुतलीबजार नगरपालिका-१, स्याङ्जा
फोन नं. ०६३ : ४२४४५२, ४२४०६७